# परमेश्वरको प्रेम र उहाँको इन्साफ

## (God's Love and Justice)

**लेखक:**
जोन सी. पेखाम
(John C. Pekham)

**भावानुवादक:**
भजुराम तखाछैँ श्रेष्ठ

**नेपाल सेक्सन अभ सेभेन्थ-डे एड्भेन्टिस्ट**
सन् २०२५ (बि.सं. २०८१)

<u>**ईन्टरनेट वेबसाइटहरू:**</u>

- https://www.nepalworks.com/bhajupurna
- https://www.sabbathschoolpersonalministries.org/international
- https://shekinahonme.weebly.com/sabbath-school-lessons.html
- https://www.fustero.es/index_ne.php

**प्रतिलिपि अधिकार:** © जनरल कन्फरेन्स अभ सेभेन्थ-डे एड्भेन्टिस्ट, २०२५ र नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट।

**सम्पादक:**
क्लिफोर्ड अर गोल्डस्टाइन

**सह सम्पादक:**
सोराया शैडविलर

**मुद्रण व्यवस्थापक:**
लिय अलेक्जान्डर ग्रीभ

**सम्पादन सहयोगी:**
शारोन थोमास क्र्युज

**पासिफक प्रेस:**
मिग्वेल भालडिभिया

**चित्र र आवरण:**
लार्स जस्टिनन।

**भाषा शुद्धीकरण तथा कम्प्यूटर लेआउट:**
नेपला सेक्सन अभ सेभेन्थ-डे एड्भेन्टिस्ट प्रकाशन विभाग

**प्रथम संस्करण:** २०८१ (ई.सं. २०२५)

**भजुराम श्रेष्ठ**, ९८४०२९२७८५ – **bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

**प्रकाशक:**
उमेश कुमार पोखरेल, ९८४३२२८६०६

**वितरक:**
रविन बस्याल, ९८१०४९६७३३
कुबेर लामिछाने, ९८४१७१५०९५
केशव कुमार राई, ९८४२५३३९५१

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको copyright @1997, 2006, 2009, 2011 पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

भूमिका

# परमेश्वरको प्रेम र न्याय वा इन्साफ

**बाइबलले** स्पष्ट तरिकाले उल्लेख गरेको छ कि परमेश्वर प्रेम हुनुहुन्छ वा प्रेमिलो जीव हुनुहुन्छ (*१ यूहन्ना ४:८, १६*)। इसाई आस्था नै परमेश्वरको प्रेमिलो चरित्र वा स्वभावमा केन्द्रित छ। परमेश्वर को हुनुहुन्छ भनेर देखाउने कोर, मूल सार वा मर्म नै प्रेम हो। हामीले विश्वास गर्ने प्रत्येक शिक्षादीक्षा र दर्शनको मूल नै प्रेम हो। हामीले चल्ने प्रत्येक चाल प्रेमले बुनिएको हुनुपर्दछ। जब बाइबलले व्याख्या गरेको प्रेमलाई हामी बुझ्छौं र हृदयमा सजाउँछौं तब हाम्रा आस्था र आचरणको केन्द्रबिन्दु नै प्रेम हुन्छ वा हामी जे गर्छौं त्यसलाई प्रेमले नै परिचालित हुनुपर्दछ। परमेश्वरको प्रेमको बारेमा एउटा ज्वलन्त उदाहरण प्रस्तुत छ। यदि कसैले परमेश्वरको प्रेम पाउन उसले धर्मकर्म, अथक प्रयास, दानपूण्य आदि गर्नुपर्छ भन्ने मनस्थितिमा छ भने, यदी ती गरेन भने उहाँले प्रेम गर्नुहुन्न भन्ने सोचमा त्यो व्यक्ति रहन्छ किनकि ऊ पापी हो र प्रेम पाउन अयोग्य छ भन्ने उदासीन मनस्थितिमा त्यो व्यक्ति रहिरहेको हुन्छ। अरूहरूसँगको सम्बन्धमा कसैले प्रेम पाउन चाहन्छ भने उसले त्यो प्रेमको निम्ति योग्य हुनुपर्छ, त्यो पाउन उसले केही न केही गरेर देखाउनुपर्छ, उसको मिजास प्रेमिलो नै हुनुपर्छ भन्ने लोक धारणाको चलनचल्ती व्यापक छ। यो त मानव सम्बन्धलाई विपत्ति वा दुर्घटनामा पार्ने नीति हो।

प्रेमले मात्र प्रेम उम्रिन्छ भन्ने मानव धारणा र अरू धारणाहरूमा आधारित परमेश्वरको प्रेमको विषयमा हाम्रो बुझाइलले हाम्रो आस्था र आचरण वा व्यवहारलाई व्यापक असर पार्दछ। यद्यपि, यथार्थमा प्रेम के हो त? यदि तपाईंले दश जनासँग यसको परिभाषा सोध्नुभयो भने तपाईंले दशै थरिकाका जवाफहरू पाउनुहुन्छ। अरूहरूको त के कुरा गरौं, इसाईहरूमा पनि परमेश्वरको प्रेमको बारेमा अनेकौँ कपोलकल्पित र गलत धारणाहरू भएको पाइन्छ।

उदाहरणमा इसाईहरूले नै परमेश्वरको प्रेमको बारेमा यी विभिन्न धारणाहरू भएको पाइन्छ:

*के परमेश्वरको प्रेमले दिने मात्र हो तर त्यसले केही लिनु आवश्यकता नै छ भन्ने छैन? के परमेश्वरको प्रेमको उपभोग गर्न पाएपछि हामीबाट केही अपेक्षा गर्नुहुन्न र? के परमेश्वरको प्रेम स्वार्थ-त्याग मात्र हो र मानव मिजासबाट उहाँलाई प्रसन्न पार्नुपर्न केही गर्नुपर्दैन र? के परमेश्वरको प्रेमलाई अस्वीकार गर्न सकिन्छ वा गुमाउन सकिन्छ? के परमेश्वरको प्रेममा उहाँका जीवहरूसँग आदानप्रदानको सम्बन्ध राख्नुहुन्छ र? के प्रेममा कोही रह्यो भने ऊ रिसाउन सुहाउँदैसुहाउँदैन र? प्रेममा रिस हुँदैहुँदैन र? प्रेम र इन्साफ सँग-सँगै कसरी गइन्छ? यदि परमेश्वर प्रेम हुनुहुन्छ भने यस संसारमा दुष्ट, खराब तत्त्वहरूको बिगबिगी किन भइरहेको*

*छ? के परमेश्वरले प्रेम गर्नुभएको जस्तै मानिसले पनि प्रेम गर्न सक्छ त? यदि सक्छ भने त्यो प्रेम कस्तो होला?*

ती प्रश्नहरूका जवाफ शायद प्रष्ट नै होला तर परमेश्वरको प्रेमको बारेमा इसाई जगत्मा प्रायः जसो घोर वादविवाद भएको पाइन्छ। कतिपय जवाफहरू ठिकै देखिए तापनि बाइबलसँग नजिकै तुलना गर्दा ती जवाफहरू बाइबलसँग तालमेल नभएको पाइन्छ।

परमेश्वरको प्रेमको बारेमा सोधिएका ती सबै प्रश्नहरूलाई हामीले सम्बोधन नगर्न सकिएला। तर ती प्रश्न र अरू जिज्ञासाहरू यस अध्ययन पुस्तकमा समावेश गर्न प्रयास गर्नेछौं। परमेश्वरको प्रेम हामीले सोचेकोभन्दा महान् छ भनेर पनि हामी हेर्नेछौं। बाइबलमा चित्रण गरिएको परमेश्वरको प्रेम यस संसारमा परिभाषित गरेकोभन्दा सर्वोच्च छ।

बाइबलमा प्रकट गरिएको परमेश्वरको प्रेमको सबभन्दा केही उल्लेखनीय र सुन्दर पक्षहरू यस पुस्तकका अध्यायहरूमा नियाल्न प्रयास गर्नेछौं।

जब यस विषयमा हामी अगाडि बढ्नेछौं तब परमेश्वरको प्रेम र उहाँको न्यायनिसाफ अत्यन्तै घनिष्ठ रूपमा बुनिएको हामीले हेर्नेछौं। बाइबलको परमेश्वर न्यायलाई प्रेम गर्नुहुन्छ वा त्यसप्रति अति संवेदनशील हुनुहुन्छ *(उदाहरणमा यशैया ६१:८ हेर्नुहोस्)*। परमेश्वरको प्रेम र इन्साफ सँग-सँगै जान्छ भनेर बाइबलले चित्रण गरेको छ। एकविना अर्को रहन सक्दैन। परमेश्वर प्रेमिलो हुनुभएकोले यस संसारमा भइरहेका अन्याय, आतङ्क, कष्ट, खराब तत्त्वहरूको बिगबिगीप्रति उहाँ गहिरो रूपमा चासो राख्नुहुन्छ। उहाँ आफै पनि मानव दुःख कष्ट, दबावसँग परिचित हुनुभएको थियो। खराबले ल्याएका पीडा र सन्तापहरूमा आफू पनि पर्न उहाँ राजी हुनुभएको थियो। सारा सृष्टि नै शैतानको चलखेलले पीडित छ। अझ भन्नुपर्दा संसारमा भइरहेको कष्ट, पीडा र खराबको सबभन्दा ठूलो शिकार परमेश्वर आफै हुनुभएको थियो।

*परमेश्वरको प्रेम र इन्साफ सँग-सँगै जान्छ भनेर बाइबलले चित्रण गरेको छ। एकविना अर्को रहन सक्दैन।*

खराब तत्त्वहरूले सृजना गरेका मानव प्राणीले पाएका दुःख, कष्ट, पीडाप्रति परमेश्वर शोकित हुनुभएको र दर्दनाक हुनुभएको वृतान्त बाइबलभरि बारम्बार उल्लेख गरिएको छ। उहाँले प्रत्येक मानव प्राणीलाई प्रेम गर्नुभएकोले तिनीहरूको भीषण परिस्थितिप्रति परमेश्वर कतिको संवेदनशील हुनुहुन्छ सो हामीले सोचेको भन्दा अपार छ। परमेश्वरको प्रेमको विलाप येशू ख्रीष्टले व्यक्त गर्नुभएको यस भावनाले खुलेआमा चित्रण गर्दछ, "ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले

आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्।" *(मत्ती २३:३७)*।

प्रेमिलो हुनुभएको परमेश्वर बाइबलको परमेश्वर हुनुहुन्छ। मानिसहरूले उहाँको प्रेमलाई अस्वीकार गर्दा वा बेवास्ता गर्दा कतिपय समयमा उहाँलाई मुटुको व्यथा लागेको वा हृदय छियाछिया भएको बाइबलमा प्रायः जसो चित्रण गरिएको छ। उहाँको प्रेमलाई उपभोग गर्न नसक्नु नै उहाँको प्रेमलाई गुमाउनु हो। बाइबलको पूरै कथा नै परमेश्वरले के गर्नुभयो र जगत्का सबै कुनाकाप्चामा रहेका जीवहरूसँग प्रेमको सम्बन्ध पुनर्स्थापना गर्न उहाँले के गर्नुभएको थियो र के गरिरहनुभएको छ भन्नेमा आधारित छ। यस अध्ययन पुस्तकमा यी र अरू विषयवस्तुहरू हामीले अध्ययन गर्नेछौं।

*जोन सी. पेखाम एड्भेन्टिस्ट रिभ्यूको सह-सम्पादक हुनुहुन्छ। यो अध्ययय पुस्तक लेखिरहेको समयमा उहाँ आन्ड्रयुज युनिभर्सिटीको धर्मविज्ञान र इसाई दर्शनका अध्यापक हुनुहुन्थ्यो।*

# विषय सूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | प्रचलित, परम्परागत लोकमा चलेको प्रेम | २६ |
| २. | परमेश्वरलाई प्रसन्न पार्ने | ४२ |
| ३. | सनातन सृष्टिकर्ता परमप्रभु जीवित परमेश्वर भावुक र करुणामय हुनुहुन्छ | ५८ |
| ४. | ईश्वरीय प्रेमको क्रोध | ७४ |
| ५. | न्यायप्रति परमेश्वरको प्रेम | ९० |
| ६. | पाप, खराब तत्त्व तथा दुष्टताको समस्या | १०६ |
| ७. | आत्मनिर्णय वा स्वेच्छको स्वतन्त्रता, प्रेम र ईस्वरीय हस्तक्षेप | १२२ |
| ८. | जगत् ब्रह्माण्डमा भइरहेको महान् द्वन्द्व | १३८ |
| ९. | परमेश्वर र शैतानको बीचमा भइरहेको महाद्वन्द्वमा संलघ्ना नीतिहरू | १५४ |
| १०. | त्योभन्दा अझ बढी म के गर्न सक्छु र? | १७० |
| ११. | प्रेम र न्याय: अत्यन्तै महान् दुई आज्ञाहरू | १८६ |
| १२. | प्रेम नै सारा व्यवस्था वा दश आज्ञालाई पूरा गर्ने नीति हो | २०२ |

# अस्थायी पाना

**<u>सुझाव</u>**: त्रैमासिक अध्ययन पुस १२, २०८१ (December 27, 2024) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

१. अध्याय १..............................पौष १३-१९...................... (Dec. 28-Jan. 3)
२. अध्याय २..............................पौष २०-२६.............................. (Jan. 4-10)
३. अध्याय ३............................पौष २७-माघ ४........................... (Jan. 11-17)
४. अध्याय ४.............................. माघ ५-११ ............................ (Jan. 18-24)
५. अध्याय ५............................. माघ १२-१८ ............................ (Jan. 25-31)
६. अध्याय ६............................. माघ १९-२५ ................................ (Feb. 1-7)
७. अध्याय ७.......................... माघ २६-फाल्गुन २ ........................... (Feb 8-14)
८. अध्याय ८............................. फाल्गुन ३-९ ........................... (Feb. 15-21)
९. अध्याय ९........................... फाल्गुन १०-१६ ....................... (Feb. 22- 28)
१०. अध्याय १० ......................... फाल्गुन १७-२३ ............................. (Mar. 1-7)
११. अध्याय ११ ........................फाल्गुन २४-चैत्र १.......................... (Mar. 8-14)
१२. अध्याय १२ ............................. चैत्र २-८.............................. (Mar. 15-21)
१३. अध्याय १३ ............................चैत्र ९-१५............................. (Mar. 22-28)